6

आज मिति २०७६/०४/२४ गते शुक्रबारका दिन यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशील बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपशील बमोजिमका निर्णय सर्वसम्मत पारित गरियो ।

**उपस्थितिः**

श्री पारिश्वर ढकाल – अध्यक्ष, सत्यवती गाउँपालिका

श्री सुवर्ण शाही शेरचन – उपाध्यक्ष, सत्यवती गाउँपालिका

श्री भिमलाल पाण्डे – वडाध्यक्ष, वडा नं १

श्री दधिराम कुँवर क्षेत्री – वडाध्यक्ष, वडा नं २

श्री रुक बहादुर राना मगर – वडाध्यक्ष, वडा नं ३

श्री दान बहादुर राना – वडाध्यक्ष, वडा नं ४

श्री ओम प्रकाश भण्डारी – वडाध्यक्ष, वडा नं ५

श्री विष्णु प्रसाद भण्डारी – वडाध्यक्ष, वडा नं ६

श्री लोक बहादुर बुढाथोकी – वडाध्यक्ष, वडा नं ७

श्री सन्त बहादुर थापा – वडाध्यक्ष, वडा नं ८

श्री तेज कुमारी थापा – कार्यपालिका सदस्य

श्री नरमाया राना मगर – कार्यपालिका सदस्य

श्री मिना परियार – कार्यपालिका सदस्य

श्री मनमाया थापा – कार्यपालिका सदस्य

श्री होम बहादुर भुजेल – कार्यपालिका सदस्य

श्री हरि प्रसाद वि.क. – कार्यपालिका सदस्य

श्री यादव भण्डारी – सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत)

**बैठक संख्याः०४/०७६-७७** **मितिः २०७६/०४/२४**

**प्रस्तावहरुः**

**प्रस्ताव नं.१ः** कर्मचारीको करार थप गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.२ः** सरस्वती माविलाई विषय थप गर्न स्वीकृत दिने सम्बन्धमा।

**प्रस्ताव नं.३ः** क्षतिको विवरण स्वीकृत गर्ने सम्बन्धमा।

**प्रस्ताव नं.४ः** विपद राहत कोषमा रकम जम्मा गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१ः** प्रस्ताव नं.१ माथि छलफल गर्दा सत्यवती गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत करार कर्मचारीको सम्बन्धमा तपशील बमोजिमको निर्णय गरियो।

- कृषि र पशु प्राविधिकहरुको सङ्ख्यालाई घटाएर ३/३ कायम गर्ने।
- कृषि र पशु प्राविधिकको संख्या ३/३ बनाउँदा कर्मचारीले आ.ब.०७५/७६ मा गरेको कार्यको आधारमा समेत मुल्याङ्कन गर्ने र लिखित र प्रयोगात्मक परीक्षा बाट साबिकदेखि कार्यरत कर्मचारीलाई मात्र छनौट परीक्षामा समावेश गर्ने।
- कार्यरत खानेपानी टेक्निसियन, अमिन, कार्यालय सहायक र कार्यालय सहयोगीलाई श्रावणदेखि लागुहुने गरी ४ महिनाको लागि करार अवधि थप गर्ने।
- नियुक्त कर्मचारीको ठाउँमा कर्मचारी समयोजन भई आएमा करार निरन्तरता नदिन सकिने।

**निर्णय नं.२ः** प्रस्ताव नं.२ माथि छलफल गर्दा सरस्वती मावि. जोहाङ, गुल्मीबाट कक्षा ११ मा स्वास्थ्य तथा वातावरण शिक्षा अध्यापन गराउन अनुमति माग भएकोमा आर्थिक दायित्व उक्त विद्यालयले बहन गर्नु पर्ने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.३ः** प्रस्ताव नं.३ माथि छलफल गर्दा मिति २०७६/०४/०७ गते गएको पहिरोले भएको क्षतिको प्रारम्भिक विवरण तपशीलबमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

क्षतिको विवरणः

१. मानवीय क्षति

| सि.नं. | पहिरो ग्रस्त क्षेत्र | मृतक संख्या | घाईते संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सत्यवती गाउँपालिका, वडा नं -३, ठूलोलुम्पेक | ५ जना | २ जना | |
| २ | सत्यवती गाउँपालिका, वडा नं -४, लिम्घा | ८ जना | - | |

| | कूल जम्मा | १३ जना | २ | |
|---|---|---|---|---|

२. भौतिक क्षति

| सि.नं. | पूर्ण क्षति (संख्यामा) | | | | | | आंशिक क्षति (संख्यामा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षति भएको स्थान | घर | गोठ | विद्यालय | शौचालय | पशु चौपाया | घर | गोठ | विद्यालय | शौचालय |
| | | | | | | | | | | |
| १. | वडा नं ३, ठूलोलुम्पेक | १६ | ६१ | १ | ४१ | ३४२ | २४ | २६ | १ | १९ |
| २. | वडा नं ४, लिम्घा | ६ | ५ | - | ५ | १६ | १५ | - | - | - |
| ३. | वडा नं १, अक्षेवा | २ | २ | - | - | - | १४ | ६ | - | ४ |
| ४. | वडा नं २, चेहेमी | १ | - | - | ३ | - | ५ | ११ | १ | ३ |
| ५. | वडा नं ५, हँसरा | - | - | - | - | - | ३ | २ | - | - |
| ६. | वडा नं ६, जोहाङ्ग | - | - | - | - | - | - | २ | १ | - |
| | जम्मा | २५ | ६८ | १ | ४९ | ३५८ | ५७ | ३८ | २ | २३ |

३. पशुपंक्षीको क्षतिः संख्यामा

| सि. नं. | क्षति भएको वडा | भैंसी | गाई | बंगुर | बाखा | कुखुरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | वडा नं ३, ठूलोलुम्पेक | २८ | १ | १९ | ६७ | २१९ | |
| २. | वडा नं ४, लिम्घा | २ | - | - | १० | ४५ | |
| | जम्मा | ३० | १ | १९ | ७७ | २६४ | |

४. उच्च जोखिममा रहेका घर, बस्तीहरु तथा क्षेत्रहरुः

| सि.नं. | उच्च जोखिममा रहेका बस्तीहरु तथा क्षेत्रहरु | उच्च जोखिममा रहेका घरधुरी संख्या | विस्थापित परिवार संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सत्यवती गाउँपालिका, वडा नं -३, ठूलोलुम्पेक | ३०७ | १२६० | १४ वटा बस्तीहरु |
| २ | सत्यवती गाउँपालिका, वडा नं -४, लिम्घा | ६५ | ३५० | ७ वटा बस्तीहरु |
| ३. | सत्यवती गाउँपालिका, वडा नं १, अक्षेवामा | - | - | ५ वटा बस्तीहरु |
| ४. | सत्यवती गाउँपालिका, वडा नं २, चेहेमीमा | १६ | ४२ | २ वटा बस्तीहरु |
| ५. | सत्यवती गाउँपालिका, वडा नं ७, जुनियाँमा | ५ | ३ | १ वटा बस्ती |
| | जम्मा | ३९३ | १६५५ | २९ वटा बस्तीहरु |

५. भौतिक क्षतिः

| सि. नं. | भौतिक क्षति भएका क्षेत्रहरु | मोटरबाटो आयोजनाको क्षति करिव रु. | खानेपानी आयोजनाको क्षति करिव रु. | सिँचाइ आयोजनाको क्षति करिव रु. | विद्युत सेवामा क्षति करिव रु. |
|---|---|---|---|---|---|
| १ | सत्यवती गाउँपालिका, वडा | मूख्य तथा सम्पूर्ण शाखा | सम्पूर्ण खानेपानी आयोजना हरु क्षतिग्रस्त भएको — | अधिकांश कुलो सिँचाइ योजना तथा विभिन्न तरकारी | विद्युत पोल तार तथा विस्तारमा क्षतिग्रस्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | नं -३, ठूलोलुम्पेक | मोटरबाटोहरु- करिव रु. ८४ लाख । | करिव रु. ४४ लाख । | र खेतीपातीहरु- करिव रु. २६ लाख । | भएको — करिव रु. १३ लाख । |
| २ | सत्यवती गाउँपालिका, वडा नं -४, लिम्घा | करिव रु. १६ लाख । | करिव रु. १८ लाख । | करिव रु. ४ लाख । | करिव रु. १ लाख । |
| ३. | सत्यवती गाउँपालिका, वडा नं १, अक्षेवा | करिव रु. १० करोड ५ लाख । | करिव रु. ५१ लाख । | करिव रु. ७ करोड २५ लाख । | - |
| ४. | सत्यवती गाउँपालिका, वडा नं २, चेहेमी | करिव रु. ११ लाख । | करिव रु. १४ लाख ५० हजार । | करिव रु. ३ करोड ४१ लाख । | - |
| ५. | सत्यवती गाउँपालिका, वडा नं ७, जुनियाँ | करिव रु. ५ लाख । | करिव रु. १ लाख । | करिव रु. १२ लाख । | - |
| ६. | सत्यवती गाउँपालिका, वडा नं ८, भार्से | करिव रु. २२ लाख । | करिव रु. २ लाख । | करिव रु. ७ लाख । | - |
| ७. | सत्यवती गाउँपालिका, वडा नं ५, हँसरा | करिव रु. १० लाख । | - | करिव रु. १५ लाख । | - |
| ८. | सत्यवती गाउँपालिका, वडा नं ६, जोहाङ्ग | करिव रु. ४ लाख । | करिव रु. ३ लाख । | करिव रु. २ लाख ५० हजार । | - |
| | जम्मा | करिव रु. ११ करोड ५७ लाख । | करिव रु. १ करोड ३३ लाख ५० हजार । | करिव रु. ११ करोड ३२ लाख ५० हजार । | करिव रु. १४ लाख । |

**निर्णय नं.४:** प्रस्ताव नं.४ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको वडा नं.३ ठूलोलुम्पेक, वडा नं.४ लिम्घा लगायतका विभिन्न वडामा गएको पहिरोको कारणले ठूलो जनधनको क्षति भएकोमा विपदपश्चातको राहत र पुनर्स्थापनको कार्य, भौतिक पुर्वाधारको पुनर्निर्माण लगायतका कार्यमा ठूलो धनराशी खर्च गर्नुपर्ने भएकाले सत्यवती गाउँपालिकाको गाउँसभाले पारित गरेको आ.ब.०७६/७७ को बजेटबाट गाउँपालिकास्तरीय, वडास्तरीय एवम् विषयगत आयोजना कार्यक्रमबाट सामान्यतया ३% ले हुन आउने रकम कट्टी गरी हुन आउने बचत रकम विपद व्यवस्थापन कोषमा जम्मा हुने गरी बजेट कार्यक्रम स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा प्रविष्टि गरी स्वीकृत गर्ने र सोही अनुसारको हुन आउने बजेटलाई गाउँसभाबाट अनुमोदन गराउने निर्णय गर्दै आजको बैठक यहीं समापन गरियो।